संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-२७
२०८१ असार ३१ गते, सोमवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:१५ बजे*
*बैठक स्थगित : ५:०२ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको सत्ताइसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ४:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण, मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको, कार्य सञ्चालन, प्रधानमन्त्री पदमा नियुक्ति र मन्त्रीपरिषद्को गठन सम्बन्धी पत्रहरू प्राप्त हुन आएको जानकारी गराउनुभयो र देहायबमोजिमको पत्रहरूको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

**(क) " विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

**(क१)** सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|
| लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०८१/३/२४ |

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार २४ "

**(क२)** "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|
| विनियोजन विधेयक, २०८१ | २०८१/०३/३० |

(डिल्ली राम शर्मा)

सचिव

२०८१ असार ३०"

(ख) "विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादव, माननीय वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडी र माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हसिना खानले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उहाँहरूले सम्हाल्दै आउनु भएको मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

(डिल्लिराम शर्मा)

सचिव

२०८१ असार २४"

(ग) "विषयः कार्य सञ्चालन सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूले नेपालको संविधानको धारा १०० को उपधारा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५५ को उपनियम (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राखु भएको प्रस्ताव नेपालको संविधानको धारा १०० को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुन नसकेको भन्ने समेतको व्यहोरा संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूको मिति २०८१/३/२८ को पत्र प्राप्त हुन आएकोले, अर्को मन्त्रिपरिषद गठन नभएसम्म नेपालको संविधानको धारा ७७ को उपधारा (३) बमोजिम यही मन्त्रिपरिषदले कार्य सञ्चालन गर्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु।

(डिल्लिराम शर्मा)

सचिव

२०८१ असार २८"

**(घ) विषयः प्रधानमन्त्री पदमा नियुक्ति।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य केपी शर्मा ओलीज्यूलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०८१ असार ३० गते नियुक्त गर्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(डिल्लिराम शर्मा)
सचिव
२०८१ असार ३०"

**(ङ) विषय मन्त्रिपरिषद्को गठन सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको सिफारिसमा मिति २०८१ असार ३१ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्यबिभाजन समेत गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु।

| क्र.सं | **नाम, थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |
| ३. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | श्री पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | श्री रमेश लेखक | मन्त्री | गृह |
| ६. | श्री शरदसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. आरजु राणा | मन्त्री | परराष्ट्र |
| ८. | श्री प्रदीप यादव | मन्त्री | खानेपानी |
| ९. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | श्री नवलकिसोर साह सुडी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १२. | श्री देवेन्द्र दाहाल | मन्त्री | भौतिक, पूर्वाधार तथा यातायात |

| | | | |
|---|---|---|---|
| १३. | श्री तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |
| १४. | श्री प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १५. | श्री अजय कुमार चौरसिया | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १६. | श्री बद्रिप्रसाद पाण्डे | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १७. | श्री रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १८. | श्री विद्या भट्टराई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री मानबीर राई | मन्त्री | रक्षा |
| २०. | श्री दिपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| २१. | श्री राजकुमार गुप्ता | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशासन |
| २२. | श्री ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |

(डिल्ली राम शर्मा)

सचिव

२०८१ असार ३१ गते

सम्माननीय अध्यक्षले माननीय **उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल**लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको** दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ३ जना माननीय सदस्यहरूबाट सुझावसहितको दुईवटा सूचना पेस हुन आएको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१** माथि सुझावको सूचना पेस गर्नुहुने **माननीय भगवती न्यौपाने**लाई आफ्नो सुझावसहित छलफलमा भाग लिन समय उपलव्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१** माथि सुझावको सूचना पेस गर्नुहुने संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट **माननीय राजेन्द्र लक्ष्मी गैरे**लाई आफ्नो सुझाव सहित छलफलमा भाग लिन समय उपलव्ध गराउनुहुँदा छलफलमा भाग लिँदै माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले आफ्नो सुझाव फिर्ता लिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराईदिनु हुन अनुरोध गर्नुहुँदा कुनैपनि माननीय सदस्यहरूले छलफलमा भाग लिनुभएन।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय **उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय अर्थ मन्त्रीले सभामा जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुहुँदै सुझावकर्ता माननीय सदस्य भगवती न्यौपानेलाई आफ्नो सुझाव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सुझावकर्ता माननीय भगवती न्यौपानेलाई आफ्नो सुझावलाई फिर्ता लिनुभएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको सुझावलाई फिर्ता लिनुभएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"आर्थिक विधेयक, २०८१"** माथि दफावार छलफलको क्रममा उठेका विषयहरूमध्ये माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषयलाई सभाको सहमतिको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३९ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ३ तथा माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषय

प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

"**प्रस्तावनाः** नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८१"** रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, २२, २३,२४, २५, २६, २७, २८, २९, ३०, ३१, ३३, ३४, ३५, ३६ को उपदफा (१४) र दफा ३७ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, **सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल**लाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम **"आर्थिक विधेयक, २०८१ लाई सुझाव सहित पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले माननीय **माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल**लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२

को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र कुनै पनि सुझाव पेसहुन नआएको व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्नुहुँदा कुनै पनि माननीय सदस्यले भाग लिनुभएन।

सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"**भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको **दफा २** लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**"<u>प्रस्तावनाः</u>** आर्थिक वर्ष २०८१/८२ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"राष्ट्र ऋण उठाउने ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

तत्पश्चात्, सम्माननीय, विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल**लाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम **"राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय अर्थमन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं **अर्थ मन्त्री विष्णु प्रसाद पौडेल**लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्री उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र कुनै पनि माननीय सदस्यहरूबाट सुझाव पेस हुन नआएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्नुहुँदा कुनै पनि माननीय सदस्यले भाग लिनुभएन।

तदुपरान्त, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि ३०** र अनुसूची **१ देखि ७** लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

> "**<u>प्रस्तावनाः</u>** नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार बिन्दुबाट वस्तु निकासी वा पैठारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने महसुल सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,
>
> संघीय संसदले यो ऐन बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"भन्सार महसुल ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "भन्सार महसुल विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल साउन ४ गते शुक्रवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव